# महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाण्डौ

सूचना नं.-०३

## अपाङ्गता राष्ट्रिय निर्देशन समितिमा सदस्य मनोनयन सम्बन्धी सूचना

सूचना प्रकाशन मिति २०७९।०९।०६ गते

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ३८ मा राष्ट्रिय निर्देशन समितिको गठनको व्यवस्था रहेको छ । उक्त ऐनको दफा ३८ को (ध) मा अपाङ्गतासंग सम्वन्धी सेवा प्रदायक संस्थाहरु मध्येबाट एक जना महिला सहित दुई जना सदस्य मनोनयन मन्त्रालयले गर्ने व्यवस्था रहेकोले यो सुचना प्रकाशित गरिएको छ । उक्त विषयमा अपाङ्गता राष्ट्रिय निर्देशन समितिमा सदस्यको मनोनयन सम्वन्धी मापदण्ड, २०७६ को दफा ३ को योग्यता पुगेका व्यक्तिहरु मध्येबाट सोही मापदण्डको अनुसुची १ को बिवरण खुलाई यो सुचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र तपसिल बमोजिमको योग्यता पुगेका व्यक्तिहरुले व्यक्तिगत बिवरण फारम भरी यस मन्त्रालयमा निवेदन दर्ता गराउनु हुन जानकारी गराइन्छ ।

तपशिल:-

१। समितिका सदस्य मनोनयन हुन देहाय बमोजिमको योग्यता पुरा भएको हुनु पर्ने:

(क) नेपाली नागरिक,

(ख) २१ वर्ष उमेर पूरा भएको,

(ग) अपाङ्गताको परिचयपत्र प्राप्त व्यक्ति,

(घ) अपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण गर्नको लागि सञ्चालित संघसंस्थाको सञ्चालक वा पदाधिकारीको हैसियतमा कम्तिमा १० वर्ष काम गरेको,

(ङ) प्रचलित कानून बमोजिम सदस्यमा मनोनयन हुन अयोग्य नठहरिएको।

२। व्यक्तिगत बिवरण फारम यसै साथ संलग्न रहेको छ ।

अन्य विस्तृत जानकारीका लागि यस मन्त्रालयको अपाङ्गता अधिकार प्रवर्द्धन शाखा (E-mail:mowcswdisability@gmail.com), (website:www.mowcsc.gov.np), फोन नं. ०१-४२००१२५ मा सम्पर्क गर्न सकिनेछ।

अनुसूची -१

## व्यक्तिगत विवरण

(१) नाम,थर: ....................................................................................................

(२) स्थायीं ठेगाना: ....................................................................................................

(३) जन्म मिति: ....................................................................................................

(४) माथिल्लो शैक्षिक योग्यता: ....................................................................................................

(५) संघ,संस्थासँग सम्वन्धित भएमा:....................................................................................................

(क) संस्थाको नाम:....................................................................................................

(ख) जिम्मेवारी: ....................................................................................................

(ग) अपाङ्गताको क्षेत्रमा कार्य गरेको अवधि :

....................................देखि....................................................................सम्म

(घ) अपाङ्गताको क्षेत्रमा पुऱ्याएको योगदान/विज्ञता (छोटकरीमा उल्लेख गर्ने)

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

....................................................................................................

(ङ) मनोनयनका लागि योग्य आधारहरु:

(१) ....................................................................................

(२) ....................................................................................

(३) ....................................................................................

(४) ....................................................................................

(५) ....................................................................................

(च) सम्पर्क नं. ....................................................................................

(छ) थप वैयक्तिक विवरण : यसैसाथ संलग्न गरिएको छ ।

..........................

निवेदकको हस्ताक्षर